फोन नं: ०७९-५२०५५१, ०७९-५२१०९०
इमेल नं. pmamp.piu.gulmli@gmail.com
वभेसाइट: piugulmi.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजन
परियोजना कार्यान्वयन एकाइ, गुल्मी

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन इकाई गुल्मी

## कार्यक्रम माग तथा संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति:-२०७८/०५/२१**

**सुचना नं: ५**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, गुल्मीको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमअन्तिरगत जिल्ला भित्रका कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीहरुले तपशिल बमोजिमको लक्षित कार्यक्रम माग गर्नका लागि कार्यालयमा सूचिकृत भई यो सूचना प्रकाशन भएको मितिले **३० दिन (तीस) मिति २०७८/०६/१९ गते** भित्र रित पुर्वक कार्यालयमा प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै आवेदन प्रस्ताव फारम परियोजना कार्यान्वयन एकाइ, गुल्मी वा सम्बन्धित स्थानीय तहको कार्यालयबाट प्राप्त गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ। म्याद भित्र प्राप्त भएका आवेदन प्रस्तावहरुको छनौट परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले तोके बमोजिम हुने कुरा जानकारी गराइन्छ।

**तपशिल:**

| सि.नं. | कार्यक्रम/क्रियाकलाप | परियोजनाबाट व्यहोर्ने अनुदान प्रतिशत | वार्षिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|
| १. | चक्लाबन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजि क्षेत्रबाट माँग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयमा सहयोग कार्यक्रम | परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले व्यवस्था गरे बमोजिम | ५ वटा | |
| २ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन वृद्धिका लागि पूँजिगत सहयोग | परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले व्यवस्था गरे बमोजिम | १ वटा | आ व २०७७।७८ मा यन्त्रमैत्री गह्रासुधार मार्फत चक्लाबन्दी कार्यक्रम सञ्चालन भएका ठाँउमा उत्पादन वृद्धिका लागि पूँजिगत सहयोग। |
| ३ | भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना कार्यक्रम | परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले व्यवस्था गरे बमोजिम | १ वटा | परियोजना र लाभग्राहीको लागत साझेदारीमा बीउ प्रशोधन/भण्डारण गृह निर्माण/प्रशोधन उद्योग/ (कुल लागतको कम्तिमा १५ प्रतिशत लाभग्राहीको लागत सहभागिता रहनुपर्ने। |

**प्रस्तावका साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. रु. १० को टिकेट टाँस गरि निवेदन।
२. परियोजना कार्यान्वयन एकाइले तयार गरेको आवेदन फारम।
३. कृषक समुह/कृषि फर्म/कम्पनी/कृषि उद्यमी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि।
४. लेखा परिक्षण, कर चुक्ता र स्थायी लेखा नंबरको प्रतिलिपि।
५. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको सम्झौतानामा।
६. कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमको प्रमुख वा अध्यक्ष र निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
७. कार्यक्रम माग सम्बन्धी कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनीको बैठकको निर्णयको प्रतिलिपि।
८. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र तथा लागत सहभागिताको लागि प्रतिबद्धता पत्र।

सुमन खनाल
वरिष्ठ कृषि अधिकृत